STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २३ गते बुधबार ❑ 8 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमाले फुटेको होइन चोइटिएको हो : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमाले फुटेको नभई चोइटिएको बताउनुभएको छ। नेकपा एमाले कास्की जिल्ला कमिटिद्वारा आज पोखरामा आयोजित बृहत् कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले अवसरवादीहरुले पार्टीलाई कमजोर बनाउन खोजे पनि पार्टी सङ्गठन बलियो भएर अघि बढ्ने बताउनुभयो।



निरन्तर मुलुक र जनताको पक्षमा काम गर्दै आएको एमालेले आगामी निर्वाचनमा एक्लै लडेर स्पष्ट बहुमत ल्याउने विश्वास व्यक्त गर्दै उहाँले समृद्ध नेपाल सुखी नेपाली अभियानलाई अघि बढाउन भ्रम र अलमलमा नपर्न कार्यकर्तालाई अनुरोध गर्नुभयो।

कास्कीमा जस्तै नेकपा एमालेको सङ्गठनलाई देशव्यापी एकताबद्ध बनाउनुपर्ने बताउँदै उहाँले जनताका हर समस्यामा सहयोग गर्ने गरी पार्टीको समाजसेवी दस्ता तयार गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार पार्टीको आन्तरिक सहयोग जुटाएर जनताको आवश्यकतानुसार काम गर्ने दस्ताको मुख्य लक्ष्य रहनेछ।

पार्टीका स्थायी समिति सदस्य सुरेन्द्र पाण्डेले आन्तरिक सङ्घर्ष पार्टी फुटाउनका लागि नभई सुदृढीकरणका लागि हुने विश्वास व्यक्त गर्दै कार्यकर्तालाई सङ्गठित भएर पार्टी निर्माणमा जुटन आग्रह गर्नुभयो। कास्की जिल्ला कमिटीका अध्यक्ष कृष्णबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव दामोदर बैरागीलगायतले पार्टीको गतिविधिमाथि प्रकाश पार्नुभएको थियो।

## राष्ट्रसेवक कर्मचारी सेवाप्रवाह र नीति कार्यान्वयनमा खरो उत्रनुपर्छ : मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राष्ट्रसेवक कर्मचारी सेवाप्रवाह र नीति कार्यान्वयनमा खरो उत्रनुपर्ने बताउनुभएको छ।



१८ औं निजामती सेवा दिवसका अवसरमा आज शुभकामना व्यक्त गर्दै उहाँले स्थायी सरकारका रुपमा रहेको कर्मचारीतन्त्रको प्रभावकारितामा नै सरकारको सफलता निर्भर हुने बताउनुभयो। निजामती सेवालाई थप व्यावसायिक र सिर्जनशील बनाउने तथा विकास, समृद्धि र सुशासन प्रवर्द्धनमा सबै निजामती कर्मचारी ऐक्यबद्ध रूपमा परिचालित भई सरकारको नीति कार्यान्वयनमा प्रतिबद्ध हुनु आवश्यक रहेको शुभकामना सन्देशमा भनिएको छ।

गण्डकी प्रदेश सरकार निजामती कर्मचारीको वृत्ति विकास र उत्प्रेरणा अभिवृद्धिमा सदा सकारात्मक रहँदै आएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले सार्वजनिक सेवा प्रवाह र सरकारको नीति कार्यान्वयमा विगतमा जस्तै प्रभावकारी भूमिका निर्वाह गर्न अनुरोध गर्नुभएको छ।

निजामती सेवा दिवसका अवसरमा मुख्यमन्त्री पोखरेलले पोखराको बसुन्धरा पार्क नजिकै वृक्षरोपण गर्नुभएको छ। निजामती सेवा दिवस मूल समारोह समितिद्वारा आयोजित कार्यक्रममा उहाँले वृक्षरोपण गर्नुभएको हो। सो अवसरमा सडक किनारमा कोइरालो, टाँकीलगायत बिरुवा रोपिएको थियो। कार्यक्रमममा प्रमुख सचिव डा दामोदर रेग्मी, वन तथा वातावरण मन्त्रालयका सचिव डा महेश्वर ढकाल, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश बराल, निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन कास्की अध्यक्ष भरत भुसाल लगायतको सहभागिता थियो।

उक्त अवसरमा कार्यालय व्यवस्थापन र सेवा प्रवाहमा उत्कृष्ट ठहरिएका तीनवटा कार्यालय, पोखरा महानगरपालिका-२४ कार्यालय, पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय पोखरा र सङ्घीय आयोजना कार्यान्वयन एकाइ (सहरी विकास) पोखरालाई सम्मान गरिएको थियो। मुख्यमन्त्री पोखरेलले ती कार्यालयका प्रतिनिधिलाई प्रमाणपत्र हस्तान्तरण गर्नुभयो।

## कर्मचारीले उच्च मनोवल र उत्प्रेरणाका साथ काम गर्नुपर्छ: प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले निजामती राष्ट्रसेवक कर्मचारीले उच्च मनोवल र उत्प्रेरणाका साथ आफ्नो कर्तव्य यात्रामा कटिबद्ध हुनुपर्ने बताउनुभएको छ।

निजामती सेवा दिवसको अवसरमा उहाँले आज जारी गर्नुभएको शुभकामना सन्देशमा कर्मचारी पेसागत दक्षतालाई अक्षुण राख्दै देश र जनताप्रति थप जिम्मेवार बन्नुपर्ने उल्लेख छ। प्रदेश प्रमुख गुरुङले राज्यका नीति, योजना र कानुनको तर्जुमा तथा त्यसको कार्यान्वयन गराउने महत्वपूर्ण भूमिका निजामती सेवाले नै निर्वाह गर्दै आएको बताउनुभयो।

"जनताप्रति समर्पित, सदाचारयुक्त र प्रतिस्पर्धी क्षमतासहितको निजामती सेवा अहिले राष्ट्रको आवश्यकता छ", उहाँले सन्देशमा भन्नुभएको छ, "निष्ठा, लगनशीलता र इमान्दारीपूर्वक पेशागत जिम्मेवारी र कर्तव्य निर्वाह गर्ने निजामती प्रशासनबाट मात्र हामीले जनतालाई समृद्ध र सुखी बनाउने लक्ष्य हासिल गर्न सक्छौं।" प्रदेश प्रमुख गुरुङले राष्ट्रसेवक कर्मचारीमा आफू साधनस्रोतको परिचालन एवं शक्तिको प्रयोग गर्ने शासक नभै आम सर्वसाधारणको सेवक हुँ भन्ने भावना जागृत हुनु अपरिहार्य छ भन्दै सन्देशमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी वर्गलाई आजको दिनले मुलुकको विकास र सुशासनका लागि पारदर्शी तथा जवाफदेही भई जनताको सेवा गर्ने अवसर मिल्ने उल्लेख गर्नुभएको छ।

## सिप अनुसारको काम, काम अनुसारको दामको सिस्टम ल्याउछौं: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सिप अनुसारको काम र काम अनुसारको दाम पाउने सिस्टम ल्याउने बताएका छन्।




नेकपा माओबादी केन्द्र माछापुच्छ्रे गाउँ समिति कास्कीको मंगलबार आयोजना भएको पूर्ण बैठकमा सम्बोधन गर्दै मन्त्री बरालले देशका लाखौं युवालाई स्वदेशमै रोजागार सृजना गर्ने गरी सिप अनुसारको काम र काम अनुसारको दाम पाउने सिस्टम ल्याउने बताएका हुन्। माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले देशमा समाजवाद ल्याई छाड्ने दाबी गरे। नेपालमा अब एउटै कम्यूनिष्ट केन्द्र आवश्यक भएको उनको भनाई थियो। एकता सहितको रुपान्तरणमा आजको आवश्यकता भएको मन्त्री बरालले बताए। केही समय पश्चात नेकपा एकिकृत समाजवादीमा एमाले भित्रको ठुलो शक्ति प्रबेश गर्ने भएको मन्त्री बरालको भनाई छ। कम्यूनिष्ट आन्दोलनमा पुर्व प्रधानमन्त्री केपी शर्मा ओलीले ठुलो घात गरेको उनको आरोप थियो।

जनअपेक्षाकृत केही कामहरु गर्न नसकेको बताउदै मन्त्री बरालले पार्टी एकता र पार्टी फुटको दोष जनता भन्दा नेता नै रहेको जनाए। कागेंस एमालेका जस्ता उद्योगी व्यवसायीहरु भन्दा माओबादी केन्द्रका व्यवसायीहरुले बढी जनमुखी हुन मन्त्री बरालले सुझाव दिए।

## 'कांग्रेसमा उत्साह, एकता, रुपान्तरण सफल बनाऔँ १४औँ महाधिवेशन'

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

नेपाली कांग्रेसले पार्टीको आसन्न १४औं महाधिवेशन प्रचारात्मक नारा तय गरेको छ। पार्टीको सूचना, सञ्चार तथा प्रचार विभागको बैठकले महाधिवेशनका लागि 'कांग्रेसमा उत्साह, एकता, रुपान्तरण सफल बनाऔं १४औं महाधिवेशन' भन्ने नारा तय गरेको हो।

विभागका प्रमुख एवं पार्टी प्रवक्ता विश्वप्रकाश शर्माको अध्यक्षतामा सम्पन्न बैठकले महाधिवेशनको पूर्व सन्ध्यामा नीति र विचार केन्द्रित प्रचारको 'चिन्तन चौधौं महाधिवेशन' कार्यक्रम आयोजना गर्ने निर्णयसमेत गरेको विभागका सचिव दिनेश थापा मगरले जानकारी दिनुभयो।

उक्त कार्यक्रममा सिद्धान्त, विचार, देश, कांग्रेस, राजनीति, प्रवास, युवा, महिला, विभिन्न समुदाय, प्रशासन र समाज रुपान्तरणका विषयमा 'समूहगत छलफल' गरिने छन्। 'चिन्तन चौधौं महाधिवेशन' कार्यक्रम संयोजनको जिम्मेवारी विभागका उपप्रमुख डा सुरेश आचार्यलाई दिइएको छ। कार्यक्रम तयारी र व्यवस्थापनका लागि अन्य विभिन्न उपसमिति गठन गरिएको र कार्यक्रमको एक साता पूर्व मिति सार्वजनिक गरिने उहाँले बताउनुभयो।

प्रविधिमैत्री कांग्रेस अभियान निरन्तरता क्रममा 'नेपाली कांग्रेस वृहत सूचना सञ्जाल' गठन गरिएको छ। पार्टीको प्रविधि सम्बन्धी र सामाजिक सञ्जाल समन्वय सम्बन्धी कार्यमा सरिक सबैलाई सङ्गठित गर्दै सञ्जाल कार्यक्रमको आचारसंहितासमेत पारित गरिएको विभागले जनाएको छ। विभाग सदस्य एवं पार्टीको प्रविधि र सामाजिक सञ्जाल उपसमितिका संयोजक ई दिपेश विष्टको संयोजकत्वमा सूचना सञ्जालको २७ सदस्यीय केन्द्रीय संरचना तथा ७ प्रदेश संरचना अलग्गै निर्माण गरिएको छ।






# पहिरोले पुरिएर आमा बाबु गुमाएका बालकलाई अर्थमन्त्री बरालद्वारा भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पहिरोमा पुरियर आमा, बाबु र भाई समेत गुमाएका राजकुमार श्रेष्ठलाई भेट्नु भएको छ।

यही भदौं १७ गतेको पहिरोले पुरियर परिवार नै गुमाएर टुहुरो भएका श्रेष्ठको मणिपाल शिक्षण अस्पतालमै पुगेर मन्त्री बरालले भेटघाट गर्नु भएको हो । बालका हालसम्म उनका आफन्तहरु नआएकोले उनको उपचारमा सहयोग गर्ने स्थानिय सुनिल आचार्य र महेन्द्र खत्रीलाई मन्त्रीले धन्यवाद दिदै उनको उपचारमा अस्पताल प्रसासनले समेत सहयोग गर्नुपर्ने बताए। प्रहरी हवल्दार खगेन्द्र पन्तले बाढी पहिरोमा परी घर वार विहिन भएका अति दुःखि र गरिबहरुको लागि अस्पतालमा उपचार गर्न कठिन हुन गरेको गुनासो गरे । अस्पतालहरुले १० प्रतिशत



जसो सामाजिक उत्तरदाहित्व वहन गर्नुपर्ने प्रबधान हुदा यसको समयमै मुल्याङ्कन नहुदा निजी अस्पतालहरु यस प्रति खासै चासो नदिने गरेको स्थानियको गुनासो रहेको छ। कक्षा दुईमा अध्ययनरत राजकुमार श्रेष्ठको हाल टाउको र हात खुट्टामा सामान्य चोट लागेको छ भने अबको केही दिनमा उनको डिस्चार्ज हुने भएको स्थानिय सुनिलले बताए।

पोखरा २० भलाम स्थित च्यालेचौरमा पहिरोले पुरिदा उनका बाबु बुधबार दिउँसो देखि परेको अविरल बर्षादको कारण पोखरामा एकै परिवारका श्रीमान श्रीमती, आमा छोरा सहित ५ जनाको मृत्यु भएको छ । पोखरा महानगरपालिका वडा नम्बर २० भलाम स्थित च्यालेचौरमा उनका बाबु ४५ बर्षीय कृष्ण श्रेष्ठ, आमा ३७ बर्षीया सुनमाया तामाङ र भाई ३ बर्षका सन्तोस कुमार श्रेष्ठ पहिरोमा परी मृत्यु भएको हो। पहिरोमा परी सवै परिवार गुमायर बाच्न सफल भएका ९ बर्षका बालकको व्यबस्थापनको लागि पहल भई रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले बताए।

# गण्डकीमा ३०४ जना संक्रमणमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**


गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ३०४ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यस अवधिमा प्रदेशमा १४८ सङ्क्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

कोरोना सङ्क्रमणका कारण लमजुङकोमध्यनेपालनगरपालिका-१० का ३५ वर्षीय पुरुषको मंगलबार मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । निजमा गत भदौ १९ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो । शर्माका अनुसार योसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ३१६ पुगेको छ। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार १५२ छ भने होम आइसोलेसनमा एक हजार ९८१ जना छन्।


# हार्दिक बधाई



लक्ष्मी ताम्राकार
अध्यक्ष



तारा बास्तोला
उपाध्यक्ष



रेखा दास
सचिव



सविना श्रेष्ठ
कोषाध्यक्ष



शर्मिला गौतम
सह-सचिव



देवकी थापा
सदस्य



मैया उदास
सदस्य



बिन्दु जलारी
सदस्य



सोममाया ताम्राकार
सदस्य



रुपा श्रेष्ठ
सदस्य



रामशोभा नेपाली
सदस्य

ज्ञानमार्ग स्वतन्त्र महिला समुह पोखरा-३ को यहि भाद्र १९ गते शनिबार सम्पन्न २१ वार्षिकोत्सव तथा ११ औं अधिवेशनबाट अध्यक्षमा निर्वाचित **श्री लक्ष्मी ताम्राकार** लगायत सम्पूर्ण कार्यसमितिलाई **हार्दिक बधाई** सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**शान्ति द्वा**
**अध्यक्ष तथा**
**ज्ञानमार्ग स्वतन्त्र महिला समूह परिवार**
**पोखरा-३, नदीपुर**


# मुख्यमन्त्रीद्वारा भेन्टिलेटर हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गिरिजाप्रसाद कोइराला श्वासप्रश्वास उपचार केन्द्र र नेपाल भेन्टिलेटर सोइसाटीलाई १/१ वटा भेन्टिलेटर हस्तान्तरण गरेका छन्।

नेपाल चीन जनमैत्री संघको संक्रियतामा चीनको ग्वान्जाओ प्रान्त सरकारबाट प्राप्तमध्ये २ वटा भेन्टिलेटर मुख्यमन्त्री कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा मुख्यमन्त्रीले हस्तान्तरण गरेका हुन् । अस्पतालका प्रशासक प्रदीप पौडेल र डा.डोलेन्द्र आचार्य, सोसाइटीका सदस्य डा. सरोज पोखरेलले भेन्टिलेटर ग्रहण गरे । मुख्यमन्त्री



पोखरेलले चीनको प्रान्तीय सरकार र समन्वयकर्ता नेपाल चीन जनमैत्री संघका अध्यक्ष विश्वशंकर पालिखेलाई धन्यवाद दिए । २ देशबीचको सम्बन्धलाई अझ मजबुत बनाउन जनस्तरबाट भइरहने क्रियाकलापले सघाउ पुऱ्याउँदै आएको उनको भनाइ थियो। अध्यक्ष पालिखले पोखरासँग भगिनी सम्बन्ध गाँसेका चीनका विभिन्न प्रान्तले कोभिड र त्यसभन्दा पहिला पनि बारम्बार सहयोग गर्दै आएको बताए।

# सज्जन भुर्तेल उत्कृष्ट कर्मचारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालय गण्डकीमा कार्यरत कम्प्युटर अपरेटर(पाँचौं तह) सज्जन भुर्तेल यो वर्षको उत्कृष्ट कर्मचारीका रुपमा पुरस्कृत भएका छन्।

नजामती कर्मचारी सेवा दिवसको अवसर पारेर उनलाई पुरस्कृत गरिएको हो। भुर्तेल उक्त कार्यालयको मानव संशाधन शाखामा कार्यरत छन् । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले भुर्तेललाई प्रमाणपत्रसहित सम्मान गरे । कार्यक्रममा मुख्यमन्त्री पोखरेलले व्यावसायिकता र सिर्जनशीलतासहित कार्य सम्पादन गर्न आग्रह गरे । उनले भने, ‘ इमान्दारिताका साथ कर्तव्य निर्वाह गर्दै जनताको सेवामा समर्पित हुन जरुरी छ ।’ मुख्यमन्त्री पोखरेलले राजनीति स्वार्थ नराखी सेवालाई केन्द्रमा राखेर काम गर्न निर्देशन समेत दिए। प्रमुख सचिव डा. दामोदर रेग्मीले राजनीति नेतृत्वको भिजनलाई कर्मचारीतन्त्रले कार्ययोजना बनाइएर लागु गर्नुपर्ने बताए।

पुरस्कृत भुर्तेललाई बधाई दिँदै उनले इमान्दारिताका साथ कर्तव्य निर्वाह गरेमा पुरस्कारले पछ्याउँदै आएको बताए । उपसचिव रामेश्वर अर्यालले आन्तरिक रुपमा समिति बनाएर त्यही समितिले उत्कृष्ट कर्मचारी सिफारिस गरेको बताए।




# यस बर्षको सहारा उत्कृष्ट सदस्यमा हिराचन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

यस बर्षको सहारा उत्कृष्ट सदस्यबाट राम प्रसाद हिराचन सम्मानित हुने भएका छन्। पोखराको सहारा क्लवको २३ औं बार्षिकोत्सवको अवसरमा यही भदौं ३० गते हिराचनलाई सम्मान गरिने भएको क्लवले जनाएको छ।

हिराचनले सहारा क्लव सहित सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान पुराएको भन्दै क्लवले सम्मान पत्रको साथमा दोसला ओढायर सम्मान गर्ने भएको हो । मुस्ताङ मार्फाका हिराचन विगतका बर्ष देखि पोखरा ९ मा बस्दै आएकाछन भने २०५७ साल देखि सहारा क्लवमा आबद्ध भएको हुन।

विनु राना मगरको संयोजकत्वमा गठित उपसमितिले उनलाई सम्मान गर्ने गरेको सिफारिसको आधारमा क्लवले अनुमोदन समेत गरेको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए । अन्य सदस्यमा भने तिलक बहादुर क्षेत्री र ज्योती केसी रहेका छन्।

यही भदौं ३० गते यस बर्षको खेलकुद पत्रकारिता पुरस्कार २०७७ बाट दीपक परियार लाई पुरस्कृत गरिने भएको क्लवका अध्यक्ष केशवबहादुर थापाले बताए।

# ज्ञानमार्ग स्वतन्त्र महिला समुहमा लक्ष्मी ताम्राकार

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौ**

ज्ञानमार्ग स्वतन्त्र महिला समुह पोखरा-३ नदीपुरको २१ औं वार्षिकोत्सव तथा ११ औं अधिवेशनबाट लक्ष्मी ताम्राकारको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

अधिवेशन वडा नं.३ का वडा अध्यक्ष रविनबहादुर प्रजुको प्रमुख अतिथिमा सम्पन्न भएको भएको थियो भने कार्यक्रमको सभापति ज्ञानमार्ग स्वतन्त्र महिला समुहको अध्यक्ष शान्ति द्वाको अध्यक्षतामा भएको थियो । सो कार्यक्रममा नेपाली कांग्रेस वडा ३ इकाई समितिका अध्यक्ष नारायणमान उदासलाई र इकाइका सदस्य सनकमान सि.के.लाई सम्मान गरिएको थियो । साथै कांग्रेसका क्षेत्रीय प्रतिनिधिहरु रविन बहादुर प्रजु, सरस्वती ताम्राकारलाई पनि



सम्मान गरिएको थियो । उक्त कार्यक्रममा समुहका जेष्ठ नागरिक र एसइईमा उत्तीर्ण विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो।


वडाका सचिव चन्द्रावती वाग्लेले महिला शसक्तिकारण तथा महिला विकासका कार्यक्रममा पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन। कार्यक्रममा विभिन्न राजनैतिक पार्टीका सदस्यहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। उक्त कार्यक्रमको संचालन नवनिर्वाचित सचिव रेखा दासले गरेकी थिइन।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# सुध्रिन नसकेको कर्मचारीतन्त्र

नेपालमा निजामती सेवा ऐन जारी भएको दिन २०१३ साल भदौ २२ गते हो। निजामती ऐन जारी भएको दिनलाई सम्झने मात्र गरिएको थियो। धेरैपछि त्यस दिनको स्मरणमा २०६१ सालदेखि निजामती सेवा दिवस मनाउन थालिएको हो। यस वर्षको १८ औँ निजामती दिवस कोरोना भाइरसका कारण विगतको जस्तो हुन सकेन। यस वर्ष विशेष परिस्थितिमा निजामती दिवस मनाउने शैली फेरिएको छ। संकटका घडीमा पनि निजामती कर्मचारीले आफूलाई प्राप्त दायित्व निर्वाहमा वञ्चित् अविचल रहेको विगतजस्तै कोरोना (कोभिड १९) विरुद्धको राष्ट्रिय प्रतिबद्धतामा निजामती कर्मचारी साझेदार तथा सारथी बनेका छन्। यसबीच कतिपय निजामती कर्मचारी कोरोना संक्रमित भएका छन् तर सेवाप्रवाह र जिम्मेवारी सम्पादनमा कमी हुन दिएका छैनन्।

यस वर्षको 'व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समृद्धि र सुशासन' नारा नै महत्वपूर्ण सन्देश व्यक्त गरेको छ। बदलिएको राजनीतिक व्यवस्थामा जनताका उर्लंदा आकाक्षा, संविधानले दिएका नागरिक हक तथा अधिकार र वर्तमान सरकारले गरेको समृद्धिको संकल्पलाई कार्यान्वयन गर्ने निजामती प्रशासनले हो। गाउँमा सिंहदरबार पुग्न सक्दैन भनेर संघीयताले गाउँगाउँमा सिंहदरबारको परिकल्पना गरेको छ। त्यसैगरी प्रत्येक नागरिकसम्म सरकार पुग्न नसक्ने भएकाले निजामती कर्मचारीलाई राज्यले सिद्धान्ततः 'निमित्त सरकार' मुकरर गरेको छ। यो गरिमा र जिम्मेवारीका साथ स्याथी सरकार मानिने कर्मचारी संस्थाका प्रत्येक सदस्यले सरकारको प्रतिनिधि भएर काम गर्दैछौं भन्ने सोच्नुपर्दछ। अहिले निजामती सेवालाई सेवाग्राहीप्रति उत्तरदायी बनाउनुपर्छ भन्ने बहस सुरु भएको छ। एकजना हाकिमले मुल्याङ्कन गरेर राम्रो ठान्नु भन्दा सेवाग्राहीले मुल्याङ्कन गर्ने परिपाटी बसाल्न सके निजामती सेवा नागरिक प्रति जवाफदेही बन्न प्रेरित गर्दछ।

निजामती सेवालाई समायानुकुल बनाउन विभिन्न समयमा ऐनमा संशोधन र विभिन्न आयोग गठन गरेर जनतालाई कसरी सहज र सरल तरिकाले सेवा दिन सकिन्छ भन्ने सुझावहरु दिइएको छ। कर्मचारीको सेवालाई कानूनले नै बलियो बनाउन पटक-पटक परिमार्जन भएका छन्। ट्रेड युनियन अधिकार समेत दिइएको छ। तर ट्रेड युनियन अधिकार सेवा भन्दा अधिकारमुखि बढी भएको गुनासो बारम्बार आउने गरेका छन्। प्रदेश र स्थानीय तहमा ट्रेड युनियन राख्न नहुने प्रस्ताप पनि आएको छ। यो अवस्था आउनुमा कर्मचारीको पनि हिस्सा छ। निजामती सक्षम नवन्दा सरकारले बनाएका योजना कार्यान्वयमा आउन सक्दैन्। जनताको आकांक्षा बमोजिमको सुशासन दिन सकेमा अहिले कर्मचारी वारे गरिएका आलोचना खण्डित हुने छन। जनतालाई सुशासन दिने कानुनको पालना गराउने काम निजामती सेवाका कर्मचारीहरुको हो। सरकारको काम हेर्दा जनताले सुशासनको प्रत्याभूती गर्न सकेका छैनन्। पुरानो सोचाई मा हुर्केका कर्मचारीले नया संरचनामा आफूलाई ढाल्न सक्नु पर्छ। सरकारको काम कहिले जाला घाम भन्ने गलत मानसिकता हटाउन पनि आफूलाई राष्ट्र सेवकको रुपमा उभ्याउन सक्नुपर्छ।

पटक पटक कर्मचारीमा गरिने सरुवाले कर्मचारी मात्र होईन सरकार नै प्रभावकारी देखिन सकेको छैन। सकभर पार्टी निकट नभए काम गराउन सजिलो खोज्ने प्रवृत्तिले निजमति सेवा कमजोर बनेको छ। देश संधीयतामा गए सँगै निजामति त्यसअनुसार बन्न सकेको छैन। संघीय निजमति ऐन पारित हुन नसक्दा अझैपनि अन्योलता कायम छ। प्रदेश र स्थानिय तहमा कर्मचारी पठाउन नसक्दा तीनै तहको सरकारको काम हुन सकेको छैन। समयमै कर्मचारी समायोजन हुन नसक्दा 'जुन जोगी आए पनि कानै चिरेको भन्ने' जस्तै अवस्था अहिले छ। सिंहदरबारको अधिकार गाउघरमा भन्ने नारा जनता झुक्याउने भएका छन्। प्रदेश र स्थानीय तहमा निजामति कर्मचारी जान नरुचाउने अवस्था राम्रो हैन। हाम्रो कर्मचारीतन्त्र व्यावसायिक बन्ने सकेन जो सरकार आयो उसैको चाकडी गर्नु व्यवसायीक मानिन थालेको छ। लोक सेवा कसरी पास गर्ने भन्नेमा सफल भएपनि सिर्जनशिल तरिकाले प्रशासन चलाउन सक्ने उत्पादन गर्नु अहिलेको खाँचो हो। सरकारले सम्वृद्धि र विकासका नारा अघि सारेको छ। त्यसलाई कार्यान्वयन गर्ने कर्मचारीतन्त्रले सुशासान दिन सकेन भने नारा देखाउनका लागि मात्र हुन्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# अझै सेवा प्रवाहको चुनौतीमा सार्वजनिक प्रशासन

–वासुदेव पौडेल
गण्डकी, २२ भदौ (रासस)

नेपालमा औपचारिक रुपमा निजामती सेवा सुरु भएको साढे छ दशक बितिसकेपनि प्रभावकारी सेवा प्रवाहको चुनौती कायमै छ। निजामती सेवाको इतिहास खोतल्दा राजा पृथ्वीनारायण शाहको 'थर र घर' लाई निजामती सेवाको रूप दिएको थियो भने कोतपर्वपछि श्री ३ प्राइमिनिष्टर यान कमाण्डर इन चिफ जनरल जङ्गबहादुर कुँवरले लाया अराया बमोजिम तग्दिर भई गर्नु भन्दै निजामती सेवालाई निर्देशित गरेको पाइन्छ।

तत्कालीन समयमा प्रशासनिक रूपमा खड्ग निशाना, मुलुकी खाना, मुन्सी खाना, कौसी खाना, कुमारी चोक आदि कार्यालयका नाममा सेवा प्रवाह हुन्थ्यो। विसं २००७ को प्रजातन्त्र पुनःस्थापनासँगै निजामती प्रशासनमा विद्यमान प्रणालीको अन्त्य भई योग्यता प्रणाली अनुरुप निर्धारण गरिएको छ। समय सापेक्ष सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाउने लक्ष्यसाथ समय समयमा विभिन्न विज्ञसमेतको सल्लाहमा सार्वजनिक प्रशासनलाई प्रभावकारी एवं जवाफदेही बनाउने प्रयास गरिएको छ। यिनै प्रयासस्वरुप बुच कमिशन विसं २००९, योजनाबद्ध विकासको सुरुआत विसं २०१३, प्रशासन सुधार आयोग विसं २०२५, प्रशासन सुधार आयोग विसं २०३२, उच्चस्तरीय प्रशासन सुधार आयोग २०४८, प्रशासन पुनःसंरचना आयोग २०६६, प्रशासन सुधार सुझाव समिति २०७० आदिका सुझाव तथा प्रतिवेदनलाई कार्यान्वयन गर्दै आएको पाइन्छ।

नेपालको सार्वजनिक प्रशासनलाई व्यवस्थित एवं प्रभावकारी बनाउने सन्दर्भमा २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको प्रशासनिक पुनर्गठन आयोजनालाई महत्वका साथ हेर्ने गरिएको छ। राज्यका नागरिकको सामाजिक, आर्थिक, राजनीतिक, कूटनीतिक कल्याणकारीलगायत सर्वाङ्गीण विकासका क्रियाकलापको सञ्चालन गरी सरकारको अर्थपूर्ण सहभागिता नागरिकसम्म पुऱ्याउने माध्यमका रुपमा रहेको सार्वजनिक प्रशासनमा अहिले पनि विभिन्न चुनौती कायमै रहेको सम्बन्धीत क्षेत्रका विज्ञ बताउँछन्। पूर्व सचिव बावुराम आचार्य सार्वजनिक सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु अझै चुनौतीपूर्ण रहेको बताउनुहुन्छ। "केही वर्षयता कर्मचारीको व्यवस्थापन खराव छ, कर्मचारीलाई नैतिक र चलायमान बनाउन निजामती सेवा सम्बन्धी कानुन र आचारसंहिताका अलावा मुख्यगरी सचिव, विभाग वा कार्यालयका प्रमुख बढी जिम्मेवार र उत्तरदायी हुँदै मातहतका निकाय र कर्मचारीलाई त्यसबारे प्रशिक्षित गराउनुपर्छ",पूर्व सचिव आचार्यको सुझाव छ। सार्वजनिक प्रशासनमा सेवा प्रवाहको चुनौती कायमै रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले बताउनुभयो। देशमा राज्य व्यवस्था परिवर्तन भई सङ्घीयतामा गइसकेको अवस्थामा यसको मर्म र भावनानुरुप अझै बढ्न नसकिएको उहाँले बताउनुभयो। सङ्घीयताअनुरुप तीन तहको सरकार गठन भई जनतालाई नजिकैको सरकारबाट सेवा दिने भन्ने मर्म रहे पनि पर्याप्त दक्ष जनशक्तिको अभाव लगायतका समस्या पूर्ण रुपमा समाधान हुन नसकेको उहाँले बताउनुभयो।

तहगत संरचना अनुसार वित्तीय सङ्घीयता कार्यान्वयन भई सङ्घ, प्रदेश हुँदै स्थानीय तहसम्म बजेट आए पनि त्यसको कार्यान्वयनका लागि दक्ष जनशक्ति व्यवस्थान नहुँदा सार्वजनिक सेवा प्रवाहमा जनगुनासा कायमै रहेको उहाँको भनाइ छ। कर्मचारी समायोजनका क्रममा उनीहरूलाई उत्प्रेरित गरेर पठाउन नसक्दा समस्या आउने गरेको बताउँदै उहाँले निजामती सेवामा उनीहरूको वृत्ति विकासका प्रक्रिया पनि सहज तथा सरल रुपमा अघि बढ्ने गरी व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। परिवर्तित राज्य व्यवस्था अनुरुप संसघीय निजामति ऐन चाँडो बनाएमा त्यस अन्तर्गत प्रदेश निजामति ऐनलगायतका ऐन, कानून निर्माणका लागि बाटो खुल्ने बताउँदै प्रमुख जिल्ला अधिकारी गौतमले त्यसबाट पनि कर्मचारीका अधिकतम गुनासा सम्बोधन हुने विश्वास व्यक्त गर्नुभयो।

आयोजना, सामाजिक सुरक्षा, कृषिलगायतका क्षेत्रमा दिइने अनुदानमा एकद्वार प्रणाली कायम हुन नसक्दा त्यसले पनि समस्या निम्त्याउने गरेको बताउँदै उहाँले प्रत्येक तहले संविधानतः व्यवस्था गरिएका काम, कर्तव्य तथा अधिकारको कार्यान्वयनका साथै निर्धारित मापदण्डलाई पालना गर्नुपर्नेमा जोड दिनुभयो। सार्वजनिक प्रशासनमा काम पन्छाउने, ढिलासुस्ती गर्ने जस्ता नकारात्मक धारणा अहिले पनि सर्वसाधारणमा कायमै रहेको बताउँदै उहाँले उक्त नकारात्मक बुझाइलाई सकारात्मक बनाउनेतर्फ लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो। "कर्मचारीमा पनि कतिपय स्थानमा जनताको सेवक हुँ भन्ने नभै शासक हुँ भन्ने भावना पनि रहेको पाइन्छ", उहाँले भन्नुभयो, "कर्मचारीले आफूलाई साधन स्रोत एवं शक्तिको परिचालन गर्ने व्यक्तिका रुपमा नलिई जनताको सेवक एवम् सेवाग्राहीमैत्री बन्नुपर्छ भन्ने भावना विकास गर्नु जरुरी छ।"

पछिल्ला समयमा नेपालको सार्वजनिक प्रशासनमा दीर्घकालीन दृष्टिकोण सहितको नेतृत्वको अभाव, अत्यधिक राजनीतिक प्रभाव, आर्थिक अनियमितता, व्यावसायिकताको अभाव, वैज्ञानिक व्यवस्थापन हुनु नसक्नु, उत्तरदायित्वको अभाव, सङ्गठनात्मक संरचनामा सुधार नहुनु, गुणस्तरीय प्रणालीले स्थान नपाउने जस्ता धेरै चुनौती कायमै रहेको बताइन्छ। सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाउनका लागि राजनीति र प्रशासनबीच स्पष्ट कार्यक्षेत्र हुनु आवश्यक रहेको कास्कीको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले बताउनुभयो। सार्वजनिक सेवा प्रवाहमा राजनीतिक नेतृत्व र कर्मचारीबीच समन्वय नहुँदा पनि कतिपय स्थानमा समस्या आउने गरेको उहाँको भनाइ छ।

"जनप्रतिनिधिमा उच्च आकांक्षा हुने तर त्यसको कार्यान्वयनका लागि कानूनी आधार टेक्नुपर्ने कर्मचारीको बाध्यताका कारण कतिपय स्थानमा समस्या आउने गरेको छ", उहाँले भन्नुभयो।

सार्वजनिक प्रशासनलाई प्रभावकारी बनाउन अधिकार शक्ति, स्रोतसाधनसहित उपलब्ध गराउनुपर्ने, प्रविधि, विचार, शैली जस्ता पक्षको आवश्यकताअनुसार परिवर्तन गर्दै लैजानुपर्ने, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता कायम गर्ने जस्ता विषयलाई आत्मसात् गर्नु जरुरी रहेको उहाँले बताउनुभयो।

परिवर्तित राज्य व्यवस्था अनुसार नेपालको संविधानले तीनवटै तहका लागि गरेको सरकारी सेवाको गठन र सञ्चालनसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन नीतिगत, कानूनी, संस्थागत, प्रक्रियागत, प्रविधिगत, आचरणगत आदि समस्यालाई निराकरण गर्दै अघि बढ्नुको विकल्प नभएको सम्बद्ध क्षेत्रका विज्ञको राय छ।

# चार स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन

पोखरापत्र संवाददाता
मनाङ, २२ भदौ

यहाँका स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतसहित अन्य कर्मचारी अभाव भएको छ। प्रमुख प्रशासकीय अधिकृतसहित कर्मचारी सरुवा तथा बढुवा भई अन्यत्र गएकाले सेवाग्राही मर्कामा परेका हुन्।

जिल्लाका नासों, चामे, डिस्याङ र नार्पाभूमि गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विहीन भएका छन्। सरुवा भएर आउने प्रमुख प्रशासकीय अधिकृत समेत जिल्लामा आइपुग्नुभएको छैन। बाढीपहिराका कारण सडक सञ्जाल विच्छेद भएकाले उहाँहरुलाई जिल्ला आउन समस्या भएको बताइएको छ।

प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले सडक समस्याले पनि कर्मचारी आउन ढिलाइ भएको हुनसक्ने बताउनुभयो। प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजनाकाकामअगाडिबढाउनसमेत समस्याभएकोनासोंगाउँपालिकाका अध्यक्ष चन्द्र घलेले जानकारी दिनुभयो। जिल्लाका विभिन्न कार्यालय प्रमुख समेत सरुवा भएका छन्। दुई महिनादेखि सहायक प्रमुख जिल्ला अधिकारीविहीन भएको छ।

# १६० आरोहीलाई अनुमति

काठमाडौं
रासस, २२ भदौ

शरद् ऋतुका याममा मनास्लु हिमाल(८,१६३ मी.) आरोहणकालागि आकर्षण देखिएको छ। पर्यटन विभागले १६ आरोही समूहका १६० जनालाई अनुमति दिएको छ। सोमबारसम्म कञ्चनजङ्घा हिमाल(८,५८६ मी) आरोहण गर्न एक समूहले अनुमति लिएको विभागले जनाएको छ। दुबै हिमालबाट हालसम्म रु ३१ लाख ४६ हजार सलामी दस्तुर सङ्कलन भएको छ।

शरद ऋतु पर्वतारोहणका लागि उत्तम मानिन्छ। यो याममा उल्लेख्य सङ्ख्यमा स्वदेशी तथा विदेशी पर्वतारोही आरोहणका लागि निस्कन्छन्। कोभिड-१९ महामारीको जोखिमकाबीच पनि यो याममा स्वदेशी तथा विदेशी आरोहीले आरोहणका लागि अनुमति लिएका छन्।

अघिल्लो वर्षको सो याममा महामारीकाबीच पनि केही विशिष्ठ विदेशी पाहुनासहित उल्लेख्य सङ्ख्यामा आरोहण भएको विभागले जनाएको छ। अघिल्लो वर्षको यही याममा पनि मनास्लु र अमादब्लम हिमाल आरोहणका लागि धेरै सङ्ख्यामा स्वदेशी तथा विदेशी गएका थिए।

# मुस्ताङमा निषेधाज्ञा हटाइयो

रासस
म्याग्दी, २२ भदौ

मुस्ताङमा पाँच महिनापछि निषेधाज्ञा हटाइएको छ। कोरोना भाइरसको सङ्क्रमण फैलिएपछि २०७८ वैशाख तेस्रो सातादेखि मुस्ताङमा निषेधाज्ञा गरिएको थियो। अठार वर्षमाथिका सबै नागरिकले कोरोनाविरुद्धको खोप लगाएको र सङ्क्रमण दर न्यून रहेकाले जनजीवनलाई सहज बनाउन निषेधाज्ञा हटाइएको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ। प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले सरोकारवालाहरूको सुझावअनुसार कोभिड-१९ सङ्कट व्यवस्थापन समितिको बैठकले मुक्तिनाथ मन्दिरबाहेक सबै क्षेत्र खुलाउने निर्णय गरेको जानकारी दिनुभयो।

"मुक्तिनाथ मन्दिरमा प्रवेश खुलाइएको छैन", उहाँले भन्नुभयो, "मुस्ताङ भित्रिनका लागि विदेशी नागरिकलाई ७२ घण्टाभित्रको पीसीआर रिपोर्ट अनिवार्य गरिएको छ।" जनजीवन सहज र आर्थिक क्षेत्रलाई चलायमान बनाउन स्वास्थ्य सुरक्षा मापदण्ड पालनामा कडाइ गरेर निषेधाज्ञा खुलाइएको हो।

निषेधाज्ञा हटाएपछि पोखरा-जोमसोम हवाई सेवा, लामो तथा छोटो दूरीका यातायात, पर्यटन क्षेत्र, होटल तथा रेष्टुराँ, मेला-महोत्सव, शैक्षिक संस्था र सेवा प्रदायक सङ्घसंस्थाको गतिविधि निर्वाधरूपमा सञ्चालन हुनेछन्। आन्तरिक पर्यटकले अनिवार्य खोप कार्डका साथै ४८ घण्टे एन्टिजेन रिपोर्ट साथमा लिएर आउनु पर्नेछ। जोमसोम विमानस्थल कक्ष, म्याग्दी र मुस्ताङको सीमा नाका घाँसा प्रहरीचौकीमा स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी परिचालन गरिएको छ।

जिल्लाका नागरिकले मुस्ताङ आउजाउ गर्नुपर्दा सम्बन्धित स्थानीय तहको सिफारिस लिनुपर्ने यसअघिको निर्णयलाई परिमार्जन गर्दै नागरिकता अथवा परिचयपत्र देखाए हुने भएको छ। निषेधाज्ञाले मुस्ताङका होटल व्यवसायी सङ्कटमा परेका छन्। निषेधाज्ञा खुकुलो पारिएसँगै अर्थतन्त्र चलायमान, जनजीवन सहज र विकास निर्माणले गति लिने मुस्ताङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले बताउनुभयो। कोरोनाका कारण मुक्तिनाथ मन्दिर नजिकैको रानीपौवा-७ सहित मुस्ताङमा १५ जनाले ज्यान गुमाएका छन्।

पाँच सय ५४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको मुस्ताङमा ५०८ जना सङ्क्रमण मुक्त भएका छन्। सङ्क्रमितमध्ये २७ जनालाई थप उपचारका लागि पोखरा रिफर गरिएको थियो।

# वाइसिएल संयोजकमा देवकोटा

रासस
काठमाडौं, २२ भदौ

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सहायक सङ्गठन वाइसिएलको संयोजकमा सुमन देवकोटा चयन हुनुभएको छ। पार्टी अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड' को प्रमुख आथित्यतामा मंगलबार बसेको वाइसिएल केन्द्रीय समितिको बैठकले सहसंयोजकमा सुबोधराज शेर्पालीलाई चयन गरेको छ। वाइसिएलको अघिल्लो साता सम्पन्न राष्ट्रिय भेलाले केन्द्रीय सदस्य मात्रै चयन गरेको थियो।

सङ्गठनलाई थप गति दिने लक्ष्यका साथ आगामी फागुनमा पुनः राष्ट्रिय भेलाको आयोजना गर्ने निर्णयसमेत आजको बैठकले गरेको वाइसिएलले जनाएको छ।

बैठकमा अध्यक्ष दाहालले राजनीतिक, सामाजिक क्षेत्रमा युवालाई रचनात्मकरूपले परिचालन गरी समाजवाद स्थापनाको लक्ष्यमा लाग्न निर्देशन दिनुभयो। राजनीतिक परिवर्तनमा युवाले देखाएको भूमिका महत्वपूर्ण रहेको भन्दै उहाँले प्रतिगमनकारी प्रवृत्ति परास्त भए पनि पूर्णरूपमा परास्त नभएकाले त्यसविरुद्ध खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो। वाइसिएलको केन्द्रीय समिति २३१ सदस्यीय रहेको छ।


## विमा लेख हरायो

**नेपाल लाईफ इन्स्योरेन्स कं. लि. बाट जारी गरिएको निम्न लिखित बीमालेख छोरेपाटनदेखि महेन्द्रपुल आउँदा २०७८/०४/०५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः अनिता सुनार**
**ठेगानाः पुम्दीभुम्दी–४, कास्की**
**विमा लेख नं. ३०१०१७८९३**
**सम्पर्कः नेपाल लाइफ इन्स्योरेन्स कं. लि., पोखरा शाखा**
**मोवाईलः ९८२६११४७२२**


# कांग्रेसका वडा अधिवेशन ५४ जिल्लामा सम्पन्न

रासस
काठमाडौं, २२ भदौ

नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत शुक्रबारदेखि प्रारम्भ भएको गाउँ/नगर वडा अधिवेशन ५४ जिल्लामा सम्पन्न भएको छ। कांग्रेस क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५७ जिल्लामध्ये ती जिल्लामा वडा अधिवेशन सम्पन्न भएको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। अधिकांश वडामा सर्वसम्मत र केहीमा मतदानमार्फत वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन भएका छन्। क्रियाशील सदस्यता नामावली प्रकाशित भएका जिल्लामध्ये भदौ १८ गते ३५ जिल्ला, भदौ १९ गते दुई जिल्ला, भदौ २० गते एक जिल्लामा वडा अधिवेशन सम्पन्न भएको समिति संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो।
त्यस्तै भदौ २१ गते ११ र आज भदौ २२ गते पाँच जिल्लामा वडा अधिवेशन सम्पन्न भएको छ। भदौ २३ गते रुकुम पूर्व र रुकुम पश्चिममा अधिवेशन हुन लागेको उहाँले बताउनुभयो। दोलखाको क्रियाशील सदस्यता नामावली सोमबार मात्रै प्राप्त भएकाले सो जिल्लामा वडा अधिवेशन केही दिनमा तोकिने समितिले जनाएको छ।

यसबाहेक २० जिल्लामा क्रियाशील सदस्यता नामावली प्रकाशनको हालसम्म टुङ्गो लाग्न सकेको छैन। अधिवेशन हुन बाँकी जिल्लामा पार्टी केन्द्रीय कार्यालयबाट नामावली प्राप्त हुनासाथ तत्काल निर्वाचन अधिकृत खटाई अधिवेशन गराउने तयारी अवस्थामा रहेको समितिले जनाएको छ।

# भाषा आयोगद्वारा प्रधानमन्त्रीसमक्ष प्रदेशगत भाषा सिफारिस

–प्रकाश सिलवाल
काठमाडौं, २२ भदौ (रासस)

संविधानको कार्यान्वयनका क्रममा गठित भाषा आयोगले सरकारी कामकाजको भाषाका आधार निर्धारणसहित नेपाल सरकारलाई भाषासम्बन्धी सिफारिस गरेको छ । आयोगको एक महत्वपूर्ण कार्यभार रहेको उक्त सिफारिससहितको प्रतिवेदन आज प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवालाई आयोगका अध्यक्ष डा लवदेव अवस्थीले हस्तान्तरण गर्नुभएको हो । प्रधानमन्त्री देउवाले आयोगले समयमै सबै भाषाबारे अध्ययन, अनुसन्धान र विश्लेषण गरी सिफारिस गरेकामा आयोगप्रति सन्तोष व्यक्त गर्नुभयो ।

नेपालको संविधानको धारा २८७ मा भएको व्यवस्थानुसार २०७३ भदौ २३ गते गठित आयोगले पाँच वर्षभित्र सरकारी कामकाजको भाषाको सिफारिस गर्ने मुख्य कार्यादेश पाएको थियो । आयोगले प्रदेशको सरकारी कामकाजको भाषाका सम्बन्धमा संविधानको धारा ७ (२) बमोजिम प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा, अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने गरी संविधानमा व्यवस्था गरिएको छ ।

आयोगले सिफारिस गर्दा अधिक जनसङ्ख्याको आधार, स्तरगत भाषा योजनाको सैद्धान्तिक आधार, लेखन प्रणाली, अभिलेखन, आधारभूत सेवाको आधार, शिक्षाका माध्यम भाषाको आधार, वक्ताको सघनता र विस्तार, भाषिक जीवन्तता, सञ्चार प्रयोग, प्रविधिउन्मुख भाषा, भाषाका वक्ता र भाषिक समुदायजस्ता आधार मानेको छ । सिफारिसअनुसार प्रदेश नं १ मा एक प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका १४ राष्ट्रभाषामध्ये मैथिली र लिम्बूभाषालाई सरकारी कामकाजको भाषाका रुपमा ल्याउन सुझाएको छ । यो प्रदेशमा नेपाली ४३ दशमलव ०७, मैथिली ११ दशमलव १९ र लिम्बू भाषाको ७ दशमलव ३१ प्रतिशत वक्ता सङ्ख्या रहेको छ ।

प्रदेश नं २ का लागि मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाका रुपमा ल्याउन सिफारिस गरिएको छ । यो प्रदेशमा मैथिली ४५ दशमलव ३०, भोजपुरी १८ दशमलव ५८, बज्जिका १४ दशलमव ६५ र नेपाली भाषाका छ दशमलव ६७ प्रतिशत वक्ता सङ्ख्या छन् । वाग्मती प्रदेशका लागि १८ दशमलव ३२ प्रतिशत वक्ता सङ्ख्या भएको तामाङ र १२ दशमलव ३० प्रतिशत वक्ता सङ्ख्या भएको नेवार भाषालााई कामकाजको भाषाका रुपमा सिफारिस गरिएको छ । यस प्रदेशमा नेपाली भाषाको वक्ता सङ्ख्या ५७ दशमलव ४२ प्रतिशत छ ।

गण्डकी प्रदेशका लागि नौ दशमलव ०३ प्रतिशत वक्ता सङ्ख्या रहेको मगर भाषा, सात दशमलव ८५ प्रतिशत वक्ता सङ्ख्या रहेको गुरुङ, सात दशमलव ०७ प्रतिशत वक्ता सङ्ख्या भएको भोजपुरीलाई सिफारिस गरिएको छ । यस प्रदेशमा ६७ दशमलव ८८ प्रतिशत नेपाली भाषाको वक्ता सङ्ख्या छ । लुम्बिनी प्रदेशका लागि १३ दशमलव १५ प्रतिशत वक्ता सङ्ख्या भएको थारु र ११ दशमलव ५२ प्रतिशत वक्ता सङ्ख्या रहेको अवधी भाषालाई सिफारिस गरिएको छ । यस प्रदेशमा नेपाली भाषाको वक्ता सङ्ख्या ५४ दशमलव ७० प्रतिशत छ । कर्णाली प्रदेशमा नेपालीबाहेक एकमात्र राष्ट्रभाषा रहेको मगर भाषालाई सिफारिस गरिएको छ । यहाँ मगर भाषाका वक्ता सङ्ख्या २ दशमलव २६ प्रतिशत छन् भने नेपाली भाषाको वक्ता सबैभन्दा उच्च सङ्ख्या ९५ दशमलव १४ प्रतिशत छ । सुदूरपश्चिम प्रदेशमा ३० दशमलव ४५ प्रतिशत वक्ता सङ्ख्या भएको डोट्याली र १७ दशमलव ०१ प्रतिशत वक्ता सङ्ख्या रहेको थारु भाषालाई सरकारी कामकाजको भाषाका रुपमा विकास गर्न सुझाव दिइएको छ । यस प्रदेशमा नेपाली भाषाको वक्ता सङ्ख्या ३० दशमलव १८ प्रतिशत छ ।

आयोगलेस्थानीयतहलेपनितोकिएका आधारमा सरकारी कामकाजको भाषाका रुपमा कार्यान्वयन गर्न सक्ने उल्लेख गरेको अध्यक्ष डा अवस्थीले बताउनुभयो । सिफारिससहितको प्रतिवेदन तयारीका लागि विज्ञ वैरागी काइँला, डा जगमान गुरुङ, प्रा हृदयरत्न बज्राचार्य, प्रा अम्बरराज जोशी, प्रा योगेन्द्रप्रसाद यादव, प्रा चूडामणि बन्धु, प्रा तेजरत्न कंसाकार, प्रा माधवप्रसाद पोखरेल, प्रा नोवलकिशोर राई, प्रा जीवेन्द्रदेव गिरी, प्रा दानराज रेग्मी, प्रा दुविनन्द ढकाल, डा बलराम प्रसाईं र डा रुद्रलक्ष्मी श्रेष्ठ सम्मिलित सल्लाहकार समूह बनाएको थियो । यसका साथै उच्चस्तरीय प्रदेशगत प्रतिवेदन मस्यौदा समिति गठन गरेको थियो । आयोगले अङ्ग्रेजी भाषाको प्रभावका कारण नेपालमा सरकारी कामकाजको भाषा र अन्य राष्ट्रभाषा कमजोर स्थितिसहितको पाँचौँ वार्षिक प्रतिवेदन, २०७८ आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको थियो ।

राष्ट्रभाषाको प्रवर्द्धनका लागि आयोगले नेपालभित्र प्रयोगमा रहेका सवारी साधनमा नेपालको संविधानले नचिनेको अङ्ग्रेजी भाषालाई समकक्षी भाषाका रुपमा ग्रहण गरिनु र सरकारी कामकाजमा अङ्ग्रेजी भाषालाई समकक्षी भाषा बनाइनु उपयुक्त नहुने सुझाएको छ । अङ्ग्रेजी माध्यमको शिक्षालाई प्रारम्भिक तहदेखि विस्तार गर्ने कार्य संविधानको धारा ७ को (१) को प्रावधान विपरीत भएको जनाउँदै आयोगले सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषा र नेपालीका अतिरिक्त प्रदेशले निर्धारण गरेका सरकारी कामकाजको भाषामा प्रविधि अनुकूल हुने गरी सवारी साधनमा विद्युतीय सङ्केत सङ्ख्या (इम्बोस्ड नम्बर) राख्न संविधानसम्मत् हुने सिफारिश गरेको छ । मातृभाषामा शिक्षा पाउने नैसर्गिक हकको प्रत्याभूतिका लागि स्थानीय तहबाट प्रतिबद्धता आउन आवश्यक रहेको प्रतिवेदनले जनाएको छ ।

आयोगको अध्ययनबाट थप पहिचान गरेका आठसहित १३१ भाषा नेपालमा बोलिने भाषा रहेकामा १० हजारभन्दा कम वक्ता सङ्ख्या भएका भाषा ७४ छन् । कम बोलिनेमध्ये मौखिक परम्परामा आधारित र अत्यन्त थोरै वक्ता भएका दुरा, कुसुन्डा, तितुङ, बराम र लुङ्खिम जस्ता भाषा लोपोन्मुख अवस्थामा रहेको उल्लेख छ । नेपालको जनगणना, २०६८ मा नेपालमा बोलिने भाषा १२३ रहेको तथा नेपाली भाषाका मातृभाषी वक्ता ४४ दशमलव ६४ प्रतिशत र दोस्रो भाषाका रुपमा नेपाली भाषा प्रयोग गर्ने ३२ दशमलव २८ प्रतिशत रहेको देखाएको थियो ।

नेपालको संविधानको धारा ३२ मा 'प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने' व्यवस्था गरिएको छ ।

यसैगरी 'राज्यले बहुभाषिक नीति अवलम्बन गर्दै विभिन्न भाषाका बीचमा पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने राज्यको नीति रहेको' उल्लेख छ ।

# चार जलविद्युत् आयोजना बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, २२ भदौ

प्रशारण लाइनको टावर ढलेपछि म्याग्दी, मुस्ताङ र पर्वतमा सञ्चालित चार जलविद्युत् आयोजनाका उत्पादन बन्द भएका छन् । पर्वतको कुश्मा नगरपालिका–८ चुवामा प्रसारण लाइनको टावर ढालेर म्याग्दीका दुई, पर्वत र मुस्ताङका एक/एक आयोजनाको ७०.६ मेगावाट विद्युत् प्रसारण प्रणालीबाट विच्छेद भएको हो ।

मोदीखोला–१ जलविद्युत् आयोजनाको विद्युतगृहदेखि मोदी सबस्टेशन जोड्ने १३२ केभी क्षमताको प्रशारण लाइनको चार नम्बरको टावर गत शुक्रबार राति बाढीपहिराका कारण ढलेको थियो । दश मेगावाट क्षमताको मोदी–१ जलविद्युत् आयोजनाको प्रवर्द्धक युनाइटेड मोदीका प्रबन्ध निर्देशक उपेन्द्र गौतमले मोदी सबस्टेशन भएर राष्ट्रिय प्रशारण लाइनमा जोडिने अन्य आयोजना पनि प्रभावित भएका जानकारीदिनुभयो । पाँचसय मिटर नहरमा माटो थुप्रिएको मोदी–१ को बाँधमा पनि क्षति पुगेको छ । मोदी–१ का साथै म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङको ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, ५ मेगावाट क्षमताको घलेम्दीखोला र मुस्ताङको थासाङ गाउँपालिका–१ टुकुचेमा रहेको १३.६ मेगावाट क्षमताको थापाखोला जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको हो । नेपाल विद्युत् प्राधिकरणले डाइभर्सन (बैकल्पिक) टावर बनाउन र ढलेको टावर मर्मतमा ढिलाई गर्दा करोडौं मुल्यको नोक्सानी भएको माउन्टेन इनर्जी नेपाल प्रवर्द्धक रहेको म्रिस्तीखोला जलविद्युत् आयोजनाका प्रतिनिधि चुडामणि निरौलाले बताउनुभयो । "विद्युत् प्राधिकरणले खपत गर्न नसक्दा ३० देखि ३५ मेगावाटको हाराहारीमा उत्पादन गरिरहेका थियौँ", उहाँले भन्नुभयो, "सञ्चालनमा आएको दुई महिनामै उत्पादन बन्द गर्नुपर्दा थप घाटा व्यहोर्नुपर्ने भयो।" कालीगण्डकी कोरिडोर प्रसारण लाइनको २२० केभी क्षमताको दाना सबस्टेसनमा जोडिएका मिस्त्री खोला, थापाखोला र घलेम्दीको विद्युत् कुस्माको कुर्खोट सबस्टेसन हुँदै मोदी–१ को १३२ केभी प्रसारण लाइनमार्फत मोदी सबस्टेसनमा पुग्छ । मोदी सबस्टेसनसम्म पुग्ने विद्युत् स्थानीय क्षेत्रमा वितरण हुँदै आएको छ । बढी भएको विद्युत् मोदीबाट लेखनाथ सबस्टेसनसम्म पुऱ्याउने गरिएको छ । प्राधिकरणले टावर मर्मतको काम तत्काल सुरु गर्न र विद्युत् आपूर्तिलाई सुचारु गर्न वितरण तथा ग्राहक सेवा गण्डकी प्रादेशिक कार्यालय पोखराका प्रमुख केदार सिलवाल, पोखरा ग्रिड प्रमुख माधव पौडेललगायत टोलीलाई खटाएको जनाएको छ । मुस्ताङ, पर्वत, म्यादी र बागलुङ जिल्लाको विद्युत् सेवालाई शनिबार साँझदेखि नै सञ्चालनमा ल्याएको प्राधिकरणको टोलीले प्रसारण लाइन मर्मतमा प्राथमिकताका साथ निरन्तर खटिएको जनाइएको छ ।

यसपालिको वर्षा सुरु भएयता गण्डकी प्रदेशका विद्युत् पूर्वाधारमा रु १० अर्बभन्दा बढीको क्षति पुगेको स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले जनाएको छ । बाढीपहिराले निर्माणाधीन तथा निर्माण पूरा भई सञ्चालनमा आएका जलविद्युत् आयोजना एवं प्रशारण र वितरण लाइनका संरचना क्षतिग्रस्त हुँदा अर्बौं क्षेत्रका लागि ठूलो आर्थिक नोक्सानी भएको इपानका प्रदेश सदस्य शंकर बस्यालले बताउनुभयो ।

# कोदालोले कोरेको बाटो अब कालोपत्र

पोखरापत्र संवाददाता
बागलुङ, २२ भदौ

कहालीलाग्दो पहाडमा गोरेटो बाटो मात्रै थियो । भारी बोकेका भरिया, बच्चा बोकेका आमा र बिरामी बोकेका सुसारे सबैको बाध्यता साँघुरो बाटोमा घुँडा टेकेरै भए पनि ताराखोला पुग्नुपर्ने बाध्यता थियो ।

ताराखोला गाउँपालिकामा राज्यको ध्यान पुग्न सकेको थिएन । ताराखोला किनारको बाटो होस् वा रिजाचोकदेखि अमरभूमि, अर्गल, हिल, तारा हुँदै रुमफेदी म्याग्दी पुग्ने गोरेटोको यात्रा कष्टकर थियो । सदरमुकामबाट पश्चिममा पर्ने होरपाटन र दक्षिणको बरेङ पुग्ने सडक एशियाली विकास बैंकको सहयोगमा निर्माण भइरहेको थियो । ताराखोला ति दुवै सडकको पहुँचमा परेन । "आफ्नो गाउँ आफैं बनाऔं भन्ने उद्देश्यका साथ हामीले कुटो कोदालोमा भरमा बाटो खन्यौं, रिजाचोकदेखि अमरभूमि, अर्गल, हिल, तारा र रुमफेदीको बाटो चिउरा र चिया खाएर निर्माण गऱ्यौं," स्थानीयवासी गोविन्द घर्तीले भन्नुभयो । अठार वर्ष अघि उक्त सडकको रेखा कोरिएको हो ।

गाउँपालिकाका अध्यक्ष प्रकाश घर्ती २० किलोमिटर सडक निर्माण गर्दा पनि राज्यको ध्यान त्यसतर्फ पुग्न नसकेको बताउनुहुन्छ । "सडक फराकिलो र कालोपत्र होस् भन्ने हाम्रो चाहना थियो," उहाँले भन्नुभयो । बाइस वर्षपछि स्थानीयवासीको सपना बल्ल पूरा हुँदैछ । हाल रिजाल चोकदेखि ताराखोला गाउँपालिकाको केन्द्रसम्मको सडक कालोपत्र शुरु भएको छ । स्थानीय पूर्वाधार विकास आयोजना, पोखराले तीन वर्षभित्र सक्नेगरी गाउँपालिकासँग सडक कालोपत्रको सम्झौता गरेको छ ।

प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम उक्त सडक कालोपत्र भइरहेको छ । सो आयोजनाका प्रमुख कुमार थापा, भौतिक पूर्वाधार सहरी तथा यातायात मन्त्रालयका सिनियर डिभिजन इन्जिनियर राम पराजुली र गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश गैह्रेबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सम्झौता अनुसार चाँडै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार हुनेछ । स्थानीय, प्रदेश र सङ्घीय सरकारको साझेदारीमा सो सडकको कालोपत्र गर्न रु ७० करोड खर्च हुने अनुमान गरिएको छ । प्रदेश सरकारले आयोजनाको कूल बजेटको १० प्रतिशत साझेदारी गर्ने प्रतिबद्धता जनाएको छ । कालोपत्रपछि ताराखोला पर्यटकीय हब बन्ने स्थानीयवासीको विश्वास छ । सडक निर्माणपछि यहाँको स्थानीय उत्पादनले बजार पाउने छ । ताराखोला पशुपालन, घरेलु उद्योग, कृषि, पर्यटनलगायत सम्भावना भएको ठाउँ हो ।

# पुष्पलाल राजमार्गको पर्वत खण्ड अझै अवरुद्ध

पोखरापत्र संवाददाता
बागलुङ, २२ भदौ

मध्यपहाडी पुष्पलाल राजमार्गको पर्वत खण्ड अझै अवरुद्ध छ । गत बिहीबार रातिको अविरल वर्षाका कारण धौलागिरिको मुख्य राजमार्ग अवरुद्ध भएपछि यातायात सेवा ठप्प छ । यसबाट चौतर्फी सकस र सास्ती सुरु भएको छ ।

चाडपर्वका मुखमा मुख्य राजमार्ग नै अवरुद्ध भएपछि धौलागिरिका चार बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङमा दैनिक अत्यावश्यकीय उपभोग्य सामग्रीको अभाव हुन थालेको छ । पेट्रोलियम पदार्थ, खाद्यान्न तथा तरकारीको अभाव भएको छ । अभाव बढेसँगै अत्यावश्यक वस्तुको भाउ मनपरी लिन थालिएको उपभोक्ताको गुनासो छ। ताराई लगायतबा ठाउँबाट आयात रोकिँदा एक केजी हरियो बोडीलाई रु १०० बढीमा खरिद गरेको उपभोक्ता हरि रानाले गुनासो गर्नुभयो। "आयात छैन भनेपछि स्थानीय किसानले समेत यही हो बेला भनेका छन्" तरकारी किन्न बजार निस्कनु भएको उहाँले भन्नुभयो "स्थानीय सरकार र प्रशासनले नत अनुगमन गरेका छन्, न यसमा ध्यान दिएका छन् । मर्कामा हामी उपभोक्ता परेका छौं, सानो बाहनामा मूल्य बढाउने व्यापारीलाई कारवाही गर्नुपर्दछ ।"

मध्यपहाडी पुष्पलाल राजमार्ग आयोजना कार्यालय पर्वतको योजना अनुसार काम सम्पन्न भएमा आज बेलुकीदेखि एकतर्फी यातायात खुलाइने छ । ठूलो पहिरो र सडक बनाएको कारण यसै भन्न सकिने अवस्था भने छैन । चामल, दाल चिनीलगायतका बस्तु स्टोर गरी राखिएको भए पनि सिमेन्ट, निर्माण सामग्री तथा पेट्रोलियम पदार्थको भण्डारण खाली भइसकेको बागलुङका व्यवसायीले बताएका छन् । पसलमा सिमेन्ट आयात बन्द हुँदा घर निर्माणका लागि माग गरिएको सिमेन्टलगायतका निर्माण सामग्री पठाउन नसकिएको व्यवसायी दयाराम पौडेलले जानकारी दिनुभयो। कृतिम अभाव सिर्जना गरी मूल्य बढाउन थालिएको उपभोक्ताको गुनासो छ । तिज नजिकिएको सन्दर्भमा उपभोग्य वस्तुको माग बढिरेको भए पनि आयात नहुँदा माग धान्न समस्या भइरहेको छ भने अर्कोतर्फ कार्कीनेटा हुँदै घुमाउरो कच्ची सडकबाट ल्याइएको फलफूल तथा तरकारीको दोब्बर मूल्य पर्न थालेको छ । कतिपय होलसेल तरकारी पसलमा तरकारीको अभाव देखिएकाले बन्द गर्ने अवस्थामा पुगेको व्यवसायी बताउछन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक कृष्णबहादुर पल्ली मगरले सडक बन्दले आयात ठप्प हुँदा व्यापारीले मनपरी मूल्य बढाउनपाइने र बजारमा छड्के अनुगमन गरिने जानकारीदिनुभयो । मूल्यवृद्धिको कहिकतैबाट गुनासो नआए पनि सम्भावित मनपरी रोक्न बजार अनुगमन गर्ने योजना बनाएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताउनुभयो । भण्डारणमा सामान छैन भनेर कालोबजारी गरेको पाइएमा कारवाही गरिने उहाँले बताउनुभयो । "बाटो बन्द भन्नासाथ भण्डारणमा भएको सामान लुकाएर महँगो मूल्यमा बेचेको पाइएमा तत्काल कारवाही हुन्छ," उहाँले भन्नुभयो । जिल्लाबाट निर्यात हुने स्थानीय उत्पादन समेत बजारमै थन्किएको छ । बजारमा पेट्रोलियम पदार्थको प्रतिलिटर २०० सम्म कारोवार भइरहेको भए पनि पेट्रोल पम्प भने बन्द अवस्थामा छन् । पेट्रोल पम्प बन्द भए पनि किराना पसलमा पेट्रोल पाइएको नाम नबताउने सर्तमा एक उपभोक्ताले बतायुभयो। महँगो मूल्यमा पेट्रोलियम पदार्थ कालोबजारीबाट खरिद गरी सवारी गुडाउन बाध्य भएको सवारी चालकले गुनासो गरेका छन् ।

# एक हजार ६७७ जनामा कोरोना संक्रमण: दुई हजार ७२ संक्रमणमुक्त

रासस
काठमाडौं, २२ भदौ

पछिल्लो २४ घण्टामा नेपालमा एक हजार ६७७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १५ हजार ३४ जनामा परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणमुक्त हुनेको सङ्ख्या दुई हजार ७२ रहेका छन्। योसँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ३१ हजार पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९४.७ प्रतिशत रहेको छ।

हालसम्म नेपालमा सक्रिय सङ्क्रमित ३० हजार ३०३ रहेका छन्। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १७ रहेको मन्त्रालयले जनाएको छ । यसैगरी पछिल्लो २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट २१ जनाको मृत्यु भएको छ। योसँगै सङ्क्रमणबाट अहिलेसम्म १० हजार ८७९ को मृत्यु भएको छ। नेपालमा प्रतिदश लाखमा ३६६.७ जनाको सङ्क्रमणका कारणले मृत्यु हुने गरेको मन्त्रालयले जनाएको छ।

मुलुकभर हाल ५१४ जना सघन उपचार कक्ष (आइसियु), १५४ जना भेन्टिलेटर, २८ हजार ३१४ जना होम आइसोलेसन, एक हजार ९८९ जना संस्थागत आइसोलेसन र २५८ जना क्वारेन्टिनमा रहेका छन् । नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत रहेको छ।

मंगलबार ८० हजार ४०० ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। नेपालमा अहिलेसम्म ५६ लाख तीन हजार ७५७ जनाले पहिलो मात्रा र ५० लाख १२ हजार ८२१ ज्नाले पूर्ण मात्राको खोप लगाइ सकेका छन्।


आयो टप्प टिप्पो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
वि. स. २००२/१२/२१ गते

स्वर्गारोहण:
वि.स. २०७८/०५/११ गते

स्वा. पार्वती सुवेदी

वि.पि. मार्ग आमा समुहकी उपाध्यक्ष **पार्वती सुवेदी** को अकल्पनीय दु:खद निधनले हामी वि.पि मार्ग आमा समुहका परिवारलाई स्तब्ध र मर्माहित तुल्याएको छ। यस दु:खद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माप्रति चिरशान्ति र वैकुण्ठवासको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनमा धैर्यधारणा गर्ने शक्ति भगवानले प्रदान गरुन भनी प्रार्थना गर्दै भावपूर्ण हार्दिक सावेदना अर्पण गर्दछौं ।

**मिना श्रेष्ठ**
**अध्यक्ष तथा**
**सम्पूर्ण वि.पि. मार्ग आमा समुह परिवार**